अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०६।०९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी जवान गम्हिरा साह तेलीले जिल्ला प्रहरी कार्यालय पर्साबाट कमसल आयुर्वेदिक औषधी दिएको भन्ने समेत टुङ्गिइसकेको उजुरी मिलाइदिने भनी सेवाग्राहीसँग पटक पटक घुस/रिसवत रकम माग गरेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा मकवानपुरबाट खटिई गएको टोलीले निज प्रहरी जवान गम्हिरा साह तेलीलाई सेवाग्राहीसँग रु.५,०००।– (पाँचहजार) घुस वापतको रकम सहित रङ्गेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा निज प्रहरी जवान गम्हिरा साह तेलीले सेवाग्राहीले आयुर्वेदिक औषधीको रकम फिर्ता गराउन दिएको उजुरीको काम गर्ने सिलसिलामा आफ्नो जिम्मेवारी र पदीय दायित्व विपरीत सेवाग्राहीसँग घुस /रिसवत माग गरी रू.५,०००।- (पाँच हजार) लिएको पुष्टि हुन आई निज गम्हिरा साह तेलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिँदा निज उपर बिगो रू. ५,०००।- (पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**